## सानिमा जिआईसी इन्स्योरेन्स लि.
## Sanima GIC Insurance Ltd.

टंगाल-५, काठमाण्डौ, फोन नं. ०१-४५२७१७०/७१/७२, ०१-४५२७१०१
Email: info@sgic.com.np, Web: www.sanimagic.com.np

## सातौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/१२/१४ गते बिहीबार)**

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८१।११।२६ गते बसेको १५७ औं बैठकको निर्णयानुसार कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ साल चैत २१ गते (तद्नुसार ३ अप्रिल, २०२५) बिहीबार ।
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : अमृतभोग, कालिकास्थान, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

(१) कम्पनीको सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, मिति २०८०।०४।०१ गते देखि २०८१।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्त हुन योग्य रहेको) ।

(४) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ०.३९४७ प्रतिशतका दरले नगद लाभांश रु. ७८,९४,७३७।- (अक्षरेपी : अठहत्तर लाख चौरानब्वें हजार सात सय सैंतिस मात्र) पारित गर्ने । (प्रस्तावित लाभांश कर प्रयोजनार्थ)

**(ख) विशेष प्रस्ताव :**

(१) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ७.५ प्रतिशतका दरले रु. १५,००,००,०००।- (अक्षरेपी : पन्ध्र करोड मात्र) को बोनश शेयर पारित गर्ने । बोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पुँजी वृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।

(२) छैठौं वार्षिक साधारण सभाबाट पारित २५ प्रतिशत हकप्रद शेयर संशोधन गरि १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर पारित गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने ।

(३) कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८०/०८१ मा भएको खर्चको अनुमोदन गर्ने ।

(४) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता संशोधन गर्ने ।

(५) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने । संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाइ कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१२/१४)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको